लुम्बिनी प्रदेश सरकार
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
नवलपरासी (ब.सु.प.)

फोन नं : ०७८-५२०१०६, ५२०१२६
इमेल : akcnawalparasi@gmail.com
वेभसाइट : nawalparasi.akc.gov.np

पत्र संख्याः २०८२/८३
च.नं. ३०९

मितिः२०८२/१२/०२

विषयः सूचना टाँस सम्बन्धमा ।

श्री स्थानीय तहहरु (सबै),
नवलपरासी (ब.सु.प.) ।

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व.०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न कार्यक्रम संचालनको लागी सूचना टाँस गरि दिनुहुन अनुरोध छ।

..........................
शिव प्रसाद अर्याल
शिव प्रसादप्रमुखाल
प्रमुख (अधिकृतस्तर दशौं)

Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प.)

☎ : ०७८-५२०१२६,५२०१०६
email : akcnawalparasi@gmail.com
website:nawalparasiakc.gov.np

प.सः ०८२/८३

# प्रस्ताव आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८२/१२/०२**

कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प)को चालु आ.व.२०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कार्यक्रम सिंचाई सहित कृषि विकास कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १० (दश) दिन (मिति २०८२/१२/११ गते) भित्र यस कार्यालयमा तपशिलको कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संग्लन गर्नुपर्ने कागजात तथा कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ यस कार्यालयको सूचनापाटी वा वेवसाईट nawalparasi.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०७८-५२०१२६ मा सम्पर्क गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिलः**

| क्र. सं. | कार्यक्रमको नाम | संचालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र | आवेदकको किसिम | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| १ | सिंचाई सहित कृषि विकास कार्यक्रम | •सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, मोटर, पाइप, ड्रिप तथा स्प्रिङ्कलर, पम्पसेट लगायतका सिंचाई सामग्री खरिद, <br>•सिंचाईकुलो/पोखरी, वोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार। <br>•स्यालो ट्यूवबेल जडान | •फर्म/ कम्पनी/ कृषकसमूह/ कृषिसहकारी /जल उपभोक्ता समिति सहभागी हुन सक्ने । <br>• फर्म/कम्पनीको हकमा न्युनतम १० कठ्ठा र सामुदायिकको हकमा २.५ हेक्टर सिंचित क्षेत्र विस्तार गर्नु पर्ने । <br>• यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने। <br>• लक्षित तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने। <br>• रु. ५० हजारभन्दा कम लागतको योजना पेश गर्न पाइने छैन । | नवलपरासी (ब.सु.प.) | फर्म/कम्पनी/ कृषकसमुह/ कृषि सहकारी संस्था/ जल उपभोक्ता समिति सहभागी हुन सक्ने । | • तपशिल बमोजिम उल्लेखित रकममा नबढ्ने गरि कूल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग । <br>• फर्म/कम्पनीको हकमा प्रति आयोजना /अनुदानग्राही अधिकतम रु.७५ हजार सम्म । <br>•कृषक समूह/ कृषि सहकारी/ जल उपभोक्ता समितिको हकमा प्रति आयोजना/ अनुदानग्राही अधिकतम रु १ लाख ५० हजार सम्म । <br>•कार्यालयले योजनाहरु छनोट गर्दा समग्रमा प्रति आयोजना औसत अनुदान रकम रु.१ लाखमा नबढ्ने गरी गर्नुपर्नेछ । |

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

१. प्रस्तावकको निवेदन। (अनुसूची-२३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी।।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची-२४ वमोजिम) ।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. दोहोरो अनुदान नलिएको स्व:घोषणा। (अनुसूची-३१ बमोजिम)।
८. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (कृषक समूह/कृषि सहकारी)।
९. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
१०. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
११. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाँडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र।

<u>**पुनश्चः**</u> कार्यक्रम संचालन कार्यविधिमा कुनै किसिमको संशोधन भएमा वा बजेटमा हेरफेर भएमा सोही बमोजिम कार्यक्रम संचालन हुनेछ। साथै माथि उल्लेखित कार्यविधिहरु सूचना तथा आवेदकको नमुना ढाँचा कार्यालयको वेभसाईट nawalparasi.akc.gov.np बाट प्राप्त गर्न सकिने छ। सो सम्बन्धमा थप जानकारीको लागि कार्यालयको टेलिफोन नं. ०७८-५२०१२६ र ५२०१०६ मा सम्पर्क गर्न सकिने छ।

शिव प्रसाद अर्याल
प्रमुख

शिव प्रसाद अर्याल
प्रमुख (अधिकृतस्तर दशौं)

Scanned with CamScanner